# कृषि विभाग अन्तरगत कृषि इन्जिनियरिङ्ग निर्देशनालयवाट संचालित **लघुवित्त/सहकारी संस्था संगको साझेदारीमा कृषि औजार, उपकरण खरिद तथा संचालन गर्न व्याज अनुदान परिचालन कार्यविधि, २०७०**

**नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।१०।६ स्वीकृत**

**नेपाल सरकार**
**कृषि विकास मन्त्रालय**

# लघुवित्त/सहकारी संस्थासंगको साझेदारीमा कृषि औजार, उपकरण खरिद तथा संचालन गर्न व्याज अनुदान परिचालन कार्यबिधि,२०७०

**पृष्ठभूमि**

कर्म गर्ने चाहना हुदा हुदै पनि जमीन नभई वा आर्थिक अवस्था कमजोर भई कृषि व्यवसाय गर्न नसकी पछाडी परिरहेका जेहेन्दार युवाहरु अवसरको अभावमा बेरोजगार भैरहेको अवस्थामा यस कार्यक्रमवाट सुलभ रुपमा कृषि यन्त्र उपकरणहरुमा लघुवित्त/ऋण तथा बचत/ वहुउद्देशिय सहकारी वित्तिय संस्थाको माध्यमवाट लगानी गराई भाडामा यन्त्र, उपकरणहरु संचालन गरी स्वरोजगार तथा जीविकोपार्जन हुने देखिन्छ । यस व्यवसायबाट कृषि यान्त्रीकरण हुनुका साथै उत्पादन, उत्पादकत्वमा वृद्धि भै कृषि तथा देशको आर्थिक विकासमा समेत टेवा पुग्ने देखिन्छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** क) यो कार्यविधिको नाम "लघुवित्त/सहकारी संस्थासंगको साझेदारीमा कृषि औजार, उपकरण खरिद तथा संचालन गर्न व्याज अनुदान परिचालन कार्यबिधि, २०७०" रहेको छ ।

ख) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"कृषि यन्त्र उपकरण"** भन्नाले यस कार्यविधिको अनुसूचि–२ मा उल्लेख गरिए बमोजिमका यन्त्र उपकरणहरुलाई जनाउनेछ ।

ख) **"मुक्त कमैया"** भन्नाले नेपाल सरकारले मुक्त कमैया भनी तोकिएका निश्चित व्यक्तिलाई जनाउने छ ।

ग) **"भूमिहीन"** भन्नाले नेपाल सरकारले भूमीहीन भनी तोकिएका निश्चित व्यक्तिलाई जनाउने छ ।

घ) **"कृषक समूह"** भन्नाले व्यवसायिक रुपमा कृषि गर्न कृषकहरु मिली सम्वन्धीत निकायमा दर्ता गरी गठन गरिएको कृषकहरुको समूहलाई जनाउने छ ।

ङ) **"कमजोर कृषक"** भन्नाले कृषि पेशावाट ६ महिना पनि जीविकोपार्जन गर्न नसक्ने कृषक परिवारका सदस्यलाई जनाउने छ ।

च) **"निर्देशनालय"** भन्नाले कृषि इन्जिनियरिङ्ग निर्देशनालयलाई जनाउंद छ ।

३. **उद्देश्यहरु** : यस कार्यक्रमका देहाय वमोजिमको उदेश्य रहेका छन् ।

क) बेरोजगार युवाहरुलाई स्वरोजगारको अवसर प्राप्त हुने ।

ख) उद्यमशील युवाहरुले सुलभ रुपमा ऋण प्राप्त गरी आय आर्जन गर्न सक्ने ।

ग) कृषिमा यान्त्रिकरण गर्न सहयोग पुऱ्याउने ।

घ) कृषि यन्त्र उपकरणहरुमा निजी क्षेत्रको लगानी वढ्ने ।

ङ) वित्तिय कारोवारको अवसर वृद्धि हुने ।

च) गरिबी न्यूनिकरण हुने ।

४. **लक्षित वर्ग** :- यस कार्यक्रमका लक्षित बर्ग देहाय वमोजिमको हुनेछन् ।

क) भूमिहिन, मुक्तकमैया, दलित, महिला, आर्थिक अवस्था कमजोर रहेका कृषक तथा कृषक समूह, कृषि सहकारी संस्था

५. **लगानी गर्ने संस्था**:-

क) नेपाल राष्ट्र बैंकवाट स्वीकृत प्राप्त 'घ' बर्गको रिटेलर लघुवित्तय संस्था (Retailer Micro Finance)।

ख) वत्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ अनुसार गठित संस्था (Financial Intermediary Non Government Organization-FINGO) ।

ग) सहकारी विभागवाट मान्यता प्राप्त बचत तथा ऋण/बहुउद्देशिय सहकारी वित्तिय संस्था ।

६. **बजेटको व्यवस्था** :- यस कार्यक्रमको लागि बजेटको व्यवस्था देहाय वमोजिम हुनेछ ।

क) नेपाल सरकारका निकाय वा दातृ निकायबाट यन्त्र उपकरण औजारमा व्याज अनुदान दिने कार्यक्रमको लागि प्राप्त बजेट रकम ।

ख) नेपाल सरकार, अर्थ मन्त्रालयको बजेट वक्तव्यमा उल्लेखित कार्यक्रम समावेश गरी अनुदान दिन छुटयाईएको बजेट रकम ।

ग) कृषि विकास मन्त्रालयबाट विभिन्न निर्देशनालय र राष्ट्रिय कार्यक्रमहरुलाई उल्लेखित कार्यक्रम कार्यान्वयन गर्न छुटयाईएको बजेट रकम ।

७. **बजेटको उपयोग** :- बजेटको उपयोग गर्दा देहाय वमोजिम गरिने छ ।

क) अनुसूची–२ मा उल्लेखित यन्त्र उपकरणहरु दफा ३ मा उल्लेखित संस्थाहरुले माथी दफा २ मा उल्लेखित लक्षित समूहमा लगानी गरिए वापत भुक्तानी गरिने व्याजमा उपयोग गरिने छ ।

ख) यस कार्यबिधि वमोजिम अनुदान प्रवाह गर्न आबश्यक प्रशासनिक खर्चका लागी स्वीकृत बजेटको अधिकतम २( दुई) प्रतिशत सम्म कन्टेनजेन्सी **(Contingency)** रकमको ब्यबस्था गर्न सकिने छ ।

८. **प्रस्ताव छनौट समिति** : कार्यक्रमका लागि प्राप्त प्रस्तावहरुको छनौटका लागि देहाय वमोजिमको समिति गठन हुने छ ।

| | |
|---|---|
| क) कार्यक्रम निर्देशक, कृषि ईन्जिनियरिङ्ग निर्देशनालय | अध्यक्ष |
| ख) प्रमुख वा प्रतिनिधि, योजना तथा जनशक्ति विकास शाखा, कृषि विभाग | सदस्य |
| ग) सहकारी बिज्ञ/प्रतिनिधि, केन्द्रिय सहकारी संघ | सदस्य |
| घ) लघुवित्त बिज्ञ/प्रतिनिधि, नेपाल लघुवित्त बैकर्स संघ | सदस्य |
| ङ) शाखा प्रमुख, कृषि यान्त्रिकरण शाखा, कृषि ईन्जिनियरिङ्ग निर्देशनालय | सदस्य सचिव |

नोटः समितिले आवश्यक महशुस गरे अनुसार सम्बन्धित अन्यलाई आमन्त्रण गर्न सकने छ ।

९. **प्रस्ताव छनौट समितिको काम कर्तब्य** : समितिको देहाय वमोजिमको काम, कर्तव्य र अधिकार हुने छ ।

क) प्राप्त प्रस्तावहरुलाई दफा–३ मा उल्लेखित संस्थाको भौतिक, आर्थिक तथा मानविय क्षमता, दक्षता र लगानी पछिका सेवा/कार्य आदिका आधारमा छनौट गर्ने ।

ख) निर्देशनालयको कृषिमा यान्त्रिकरण अनुदान कार्यबिधिमा छनौट भएका मध्ये अनुसूचि–२ अनुसारका यन्त्र उपकरणहरुको ब्राण्ड (Brand), मोडेल (Model), क्षमता (Capacity/Horse Power), न्यूनतम मुल्य (Lowest Rate), बनेको देश (Manufacturing Country), उत्पादक (Manufacture) आदिमा मात्रै व्याज अनुदान दिन सिफारिस गर्ने ।

ग) पेश हुन आएको प्रस्ताव अनुसार दफा–३ मा उल्लेखित संस्थाले लगानी गर्न सक्ने कृषि यन्त्र उपकरणहरुको किसिम, संख्या तोक्ने र स्वीकृत बजेटको आधारमा व्याज अनुदानमा दिन सक्ने कृषि यन्त्रहरुको संख्या र संस्थागत कोटा यकिन गर्ने ।

घ) अधिकतम ब्याज अनुदान दर तोक्ने ।

१०. **कार्यक्रम कार्यान्वयन प्रकृया :** कार्यक्रम कार्यान्वयन प्रकृया देहाय बमोजिम हुने छ ।

क) अनुसूचि–२ मा उल्लेखित कृषि औजारहरुमा व्याज अनुदान दिन दफा ३ मा उल्लेखित संस्थाहरुलाई अनुसूचि–३ अनुसार बिवरणहरु माग गरी ३५ दिने म्याद दिई सम्वन्धित निर्देशनालयले राष्ट्रीय पत्रिकामा सार्वजनिक सूचना आह्वान गरी प्रस्ताव माग गर्नेछ ।

ख) खण्ड (क) अनुसार प्राप्त प्रस्तावहरुलाई दफा ३ मा उल्लेखित संस्थाहरुको भौतिक, आर्थिक तथा मानविय क्षमता, दक्षता र लगानी पछिका सेवा/कार्य आदीका आधारमा छनौट गरिने छ ।

ग) निर्देशनालयले व्याज अनुदान दिने प्रयोजनका लागि माथी दफा ९(ख) वमोजिम पहिचान गरिएका कृषि यन्त्रको विवरण, छनौट भएका दफा ३ मा उल्लेखित संस्था र सर्म्पक ठेगाना सहितको विबरण पर्चा (Leaflet) हरु प्रकाशन गरिने छ । सो को जानकारी राष्ट्रीय स्तरको पत्रिकावाट प्रकाशित गरिने छ । साथै सम्वन्धीत जिल्ला कृषि विकास कार्यालयहरुलाई समेत औपचारिक जानकारी दिईने छ ।

घ) दफा ९(क) अनुसार छनौट भएका दफा ३ मा उल्लेखित संस्थाहरुसंग निर्देशनालयले प्रत्येक आर्थिक बर्षमा सम्झौता गर्ने छ ।

११. **कार्यक्रम कार्यान्वयनका शर्तहरु :** कार्यक्रम कार्यान्वयनका लागि देहाय वमोजिमका शर्तहरु तोकिएका छन् ।

क) निर्देशनालयसंग सम्झौता भएका दफा ३ मा उल्लेखित संस्थाहरुले मात्र दफा २ मा उल्लेखित लक्षित समूहलाई यन्त्र उपकरणहरुमा गरिएको लगानीको व्याज मात्र अनुदान दिइने ।

ख) भूमिहीन, मुक्त कमैया, दलित, महिला, कमजोर कृषक, कृषक समूहले दफा ९(क) अनुसार छनौट भएका संस्थावाट ऋण लिई कार्य संचालन गर्न इच्छुक हुनु पर्ने ।

ग) ऋण लिन आफुले लिने कृषि यन्त्र उपकरण नै धितो राख्न तत्पर हुनु पर्ने ।

घ) कृषि यन्त्र उपकरणको बीमा गरिनु पर्ने ।

ङ) यस कार्यक्रम अन्तर्गत लगानीको साँवा ऋणीले किस्तावन्दी रुपमा सम्झौता अनुसार लगानी गर्ने संस्थालाई भुक्तानी गर्नु पर्ने ।

च) लगानीको सिमा नेपाल राष्ट्र बैंकले तोके अनुसारको वा बढिमा रु. ५ (पाँच) लाख भित्र हुनु पर्ने ।

छ) ब्याज दर वित्तिय संस्थाको नियम अनुसार वा छनौट समितिले अधिकतम ब्याज अनुदान दर तोके बमोजिम हुनु पर्ने ।

ज) कृषि यन्त्रको निर्धारित मुल्य बराबरको रकम मात्र ऋणमा समावेश गर्नु पर्ने छ । सेवा शुल्क, ढुवानी आदि रकम ऋणमा समावेश गर्न पाइने छैन ।

झ) लगानी गर्ने संस्था र ऋणी बीच हुने सम्झौताको एक प्रति निर्देशनालयलाई अनिर्वाय उपलब्ध गराउनु पर्ने ।

ञ) ऋणी र लगानीकर्ता बीच हुने ऋण सम्झौता लगानी कर्ताको ऋण नीति वमोजिम वा बढीमा ३ वर्षको हुने पर्ने ।

ट) प्रत्येक आर्थिक बर्षमा कार्यक्रम तथा बजेट स्वीकृत भई आएमा निर्देशनालयवाट व्याज अनुदान प्रवाह गरिनेछ । यदि कार्यक्रम तथा बजेट स्वीकृत भै नआएमा व्याजको दायित्व ऋणी स्वयम नै हुने छ ।

ठ) ऋण सम्झौतामा तोकिएको भाखा भित्र वा बढीमा ३ (तीन) वर्ष (Pay Back Period) भित्र साँवा चुक्ता नगरी सृजना हुने व्याज दायित्व निर्देशनालयले व्यहोर्ने छैन ।

ड) लगानीकर्ताले आफुले गरेको लगानीको जोखिम स्वयमले व्यवस्थापन गर्नु पर्ने छ ।

ढ) छनौट भएका संस्थाले आफ्नो कार्य क्षेत्रमा यसको व्यापक प्रचार प्रसार गर्नु पर्ने ।

ण) कृषि यन्त्र उपकरण खरिद गरेको मिति देखि मात्र व्याज अनुदान लागु हुने छ ।

**१२. अनुदान प्रवाह विधि:** अनुदान प्रवाह विधि देहाय वमोजिम हुने छ ।

क) माथी दफा १०(ग) वमोजिम प्रकाशित पर्चा (Leaflet) मा उल्लेखित कृषि यन्त्र उपकरणहरुमा दफा ३ मा उल्लेखित संस्थाहरुले दफा ११(झ) अनुसारका ऋणीहरुसगं भएका सम्झौता, खरिद गरिएको विल, कृषि यन्त्र लिदै गरेको केताको एक प्रति फोटो राखी निर्देशनालयमा ब्याज अनुदानको लागी निवेदन दिनु पर्ने छ ।

ख) लगानी गर्ने संस्थाले ऋणीले भुक्तानी गरेको साँवा कटाई बाँकी किस्ताको व्याज अनुदान चौमासिक रुपमा माग गर्नु पर्ने ।

ग) सम्झौतामा तोकिएको अवधि बढीमा ३ (तीन) बर्ष सम्मको लागि प्रत्येक आर्थिक बर्षमा कार्यक्रम तथा बजेट स्वीकृत भई आएमा निर्देशनालयवाट व्याज अनुदानका रुपमा उक्त संस्थालाई चौमासिक रुपमा भुक्तानी दिइने छ ।

१३. अनुगमन व्यवस्था : **कार्यक्रमको अनुगमनको व्यवस्था देहाय वमोजिम हुने छ ।**

क) संचालित कार्यक्रमहरुको केन्द्रियस्तरबाट नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य मन्त्रालय, कृषि विभाग, निर्देशनालय वा सम्वन्धित कार्यक्रमबाट हुनेछ ।

ख) संचालित कार्यक्रमहरुको जिल्लास्तरमा नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य सम्वन्धित जिल्ला कृषि विकास कार्यालय र यस अन्तर्गतका सेवा केन्द्रबाट हुनेछ ।

ग) लगानी कर्ताको तर्फवाट फिल्ड स्तरमा नियमित अनुगमन हुने छ ।

**१४. संशोधन वा खारेजी :** अनुगमन तथा मुल्याङ्कन र अनुभबको आधारमा यस कार्यबिधिमा आवश्यकता अनुसार पुनरावलोकन गरी कृषि ईन्जिनियरिङ्ग निर्देशनालयको सिफारीसमा कृषि विकास मन्त्रालयले संशोधन वा परिमार्जन गर्न सक्ने छ ।

## अनुसूची -१

## संलग्न गर्नु पर्ने कागजातहरु

**क) लगानीकर्ताले प्रस्ताव पेश गर्दा संलग्न गर्नु पर्ने कागजातहरु**

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

२. संस्था नविकरणको प्रमाण ।

३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि ।

४. गत आर्थिक बर्ष सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

५. कारोवार विवरणको प्रमाणित प्रतिलिपि (पछिल्लो ३ वर्षको लेखा परिक्षण प्रतिवेदन) ।

६. संस्थाको निर्णय प्रतिलिपि ।

७.संस्थाको विद्यमान ऋण प्रवाह नीतिको प्रतिलिपि ।

**ख) लगानीकर्ताले निर्देशनालयमा व्याज अनुदान माग गर्दा संलग्न गर्नु पर्ने कागजातहरु**

१. ऋणीसंग गरिएको ऋण सम्झौताको एक प्रति ।

२. ऋणीको नागरिकताको फोटोकपी ।

३. खरिद गरिएको कृषियन्त्र उपकरणको बील एक प्रति ।

४. व्याज अनुदान माग गरिएको संस्थाको पत्र ।

# अनुसूची -२

व्याज अनुदान दिइने कृषि औजार उपकरणहरु

| सि.नं. | मेशिनरीको नाम | कैफियत |
|---|---|---|
| १ | पावर टिलर ट्याक्टर विथ कल्टीभेटर (ह्यान्ड ट्याक्टर) | |
| | १.१ एन्टी स्किड ह्वील (हिलो चक्का) | |
| | १.२ पावर टिलरद्धारा संचालित सिड ड्रिल/सिड कम फर्टिलाईजर ड्रिल/ जिरोटिलेज ड्रिल | |
| | १.३ पावर टिलरद्धारा संचालित रिजर/वन्ड फर्मर (Bond Former ) | |
| | १.४ पावर टिलरद्धारा संचालित रिपर मेसिन | |
| २ | रिपर मेसिन (स्वचालित) | |
| ३ | रिपर बाईन्डर मेसिन | |
| ४ | ब्रस कटर (पेट्रोल) | |
| ५ | पेडल थ्रेसर (म्यानुअल/विद्युतिय) | |
| ६ | धान/गहुँको थ्रेसर (इन्जिनद्धारा) | |
| ७ | धान/गहुँको थ्रेसर (ट्याक्टरद्धारा ) | |
| ८ | मल्टी क्रप थ्रेसर (इन्जिनद्धारा) | |
| ९ | मल्टी क्रप थ्रेसर (ट्याक्टरद्धारा ) | |
| १० | मेज सेलर/ मकैको थ्रेसर (विद्युतिय/इन्जिनद्धारा ) | |
| ११ | कोदोको थ्रेसर | |
| १२ | कफि पल्पर | |
| १३ | पावर स्प्रेयर (इन्जिन/पावर टिलर/ट्याक्टरद्धारा ) | |
| १४. | मिनि टिलर/पावर वीडर (डिजल/पेट्रोल) | |
| | १४.१ मिनि टिलर/पावर वीडर (डिजल/पेट्रोल) मा प्रयोग हुने एट्याचमेन्टहरु | |

# अनुसूचि ३

## कृषि इन्जिनियरिङ्ग निर्देशनालयसंग व्याज अनुदान कार्यक्रममा सहकार्य गर्न भरिने फाराम

१. लघुवित्त/सहकारी संस्थाको विवरण

| | |
|---|---|
| लघुवित्त/सहकारी संस्थाको नाम | |
| ठेगाना | |
| संस्था दर्ता नं. | |
| संस्था दर्ता मिति | |
| संस्था दर्ता निकाय | |
| संस्था संचालन भएको मिति | |
| लघुवित्त/सहकारी संस्थाको बर्गिकरण | |

२. लघुवित्त/सहकारी संस्थाको सदस्य विवरण

| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| साधारण सदस्य | | | |
| संस्थागत/संस्थापक सदस्य | | | |
| कुल जम्मा | | | |

३. स्वीकृत कार्य क्षेत्र

| सि.नं. | जिल्ला/न.पा./गा.वि.स. | वडा नं.हरु |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

४. संचालक/कार्य समिति को विवरण

| सि.नं. | पद | नाम | ठेगाना | सम्पर्क नं. | कार्यकाल समाप्त हुने मिति |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |

| सि.नं. | पद | नाम | ठेगाना | सम्पर्क नं. | कार्यकाल समाप्त हुने मिति |
|---|---|---|---|---|---|
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |

**५. लेखा समितिको विवरण**

| सि.नं. | पद | नाम | ठेगाना | सम्पर्क नं. | कार्यकाल समाप्त हुने मिति |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

**६. लघुवित्त/सहकारी संस्थामा कार्यरत प्रवन्धक वा सो भन्दा माथीका कर्मचारीहरुको विवरण**

| सि.नं. | पद | नाम | विभाग/शाखा कार्यालय | सम्पर्क नं. | कार्य अनुभव | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

७. लघुवित्त/सहकारी संस्थाको पूंजी संरचना

| पूंजीगत संरचना | रुपैया | प्रतिशत |
|---|---|---|
| अधिकृत पूंजी | | |
| जारी पूंजी | | |
| चुक्ता पूंजी: (क) संस्थापकहरुको | | |
| (ख) साधारण सदस्यहरुका | | |
| (ग) संस्थागत शेयर | | |

८. लघुवित्त/सहकारी संस्थाको शाखा कार्यालय छ/छैन

यदि छ भने

| सि.नं. | जिल्ला/न.पा./गा.वि.स. | वडा नं.हरु |
|---|---|---|
| १ | | |

| | | |
|---|---|---|
| २ | | |
| ३ | | |

९. लघुवित्त/सहकारी संस्थाको सहयोगमा गरेका नमूना/उत्कृष्ट व्यवसाय ३ वटा उल्लेख गर्नुहोस्

व्यवसायको नाम    लाभान्वित सदस्य संख्या    व्यवसाय संचालन क्षेत्र    लगानी मिति

१.

२.

३.

उत्कृष्ट हुनुको कारण :-

......................................................................................................................................................

......................................................................................................................................................

......................................

१०. लघुवित्त/सहकारी संस्थाको वित्तिय विवरण

| शीर्षक | | ०६७/६८ | ०६८/६९ | ०६९/७० | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर पूंजी | | | | | |
| जगेडा कोष | | | | | |
| जोखिम कोष | | | | | |
| अन्य कोष | | | | | |
| निक्षेप | बचत | | | | |
| | मुद्दति | | | | |
| | अन्य | | | | |
| | संस्थागत | | | | |
| निक्षेपमा तिरेको व्याज | | | | | |
| कर्जाबाट व्याज असुली | | | | | |
| कुल कर्जा लगानी | कृषि क्षेत्र | | | | |
| | सेवा क्षेत्र | | | | |
| | लघु उद्योग | | | | |
| | अन्य व्यवसाय | | | | |
| | घरायसी | | | | |
| १ वर्ष भन्दा कम भाखा नाघेको ऋण रकम | | | | | |
| १ वर्ष भन्दा बढी भाखा नाघेको ऋण रकम | | | | | |

| शीर्षक | | ०६७/६८ | ०६८/६९ | ०६९/७० | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| खुद नाफा (कर अघि) | | | | | |
| खुद नाफा (कर पछि) | | | | | |
| | | | | | |

११. लगानी पछिका सेवा तथा कार्यहरु :-

उपरोक्त विवरण सहित लघुवित्त/सहकारी संस्थासंगको साझेदारीमा कृषि औजार, उपकरण खरिद तथा संचालन गर्न व्याज अनुदान परिचालन कार्यबिधि,२०७० बमोजि कृषि इन्जिनियरिङ्ग निर्देशनालयसंग व्याज अनुदान कार्यक्रममा सहकार्य गर्न आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गरेका छौं ।

संचालक/कार्यसमितिवाट अख्तियार प्राप्त

दस्तखत -:

संस्थाको छाप :-

नाम -:

पद :-

मिति :-

सम्पर्क नं.